गुर्भाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शुभाघाट, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०७५/०७६

चलानी नं.:

मिति: २०७६/०३/०२

**(प्रथम पटक सुचना प्रकाशित मिति: २०७६/०३/०२)**

गुर्भाकोट नगरपालिका कृषि विकास शाखा शुभाघाटमा आ.व. २०७५/०७६ मा कृषि विभागबाट सर्शत अनुदान प्राप्त कार्यक्रमको लक्ष्यअनुसार सहकारी खेती, साना सिंचाई तथा मल विउ ढुवानी कार्यक्रम तर्फ संचालन हुने साना सिंचाई कार्यक्रम संचालनको लागि कृषक समुह/कृषक सहकारी/जल उपभोक्ता संस्थाहरुमा आवद्ध कृषकहरुबाट निवेदन संकलन गरी प्राविधिक समभाव्यताको आधारमा सिंचाई आयोजना संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक समुह/कृषक सहकारी/जल उपभोक्ता संस्थाहरुलाई मिति २०७६/०३/०२ गते देखि लागु हुने गरी (७ दिन) २०७६/०३/०८ गते भित्र गुर्भाकोट नगरपालिका कृषि विकास शाखामा कार्ययोजना सहित प्रस्तावना पेश गर्न हुनका लागि यो सुचना प्रकाशन गरिएको छ । अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गर्न सकिनेछ । निवेदन पेश गर्दा तपशिलका शर्तहरुमा रहि निवेदन पेश गर्न हुन सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरु</u>

१. साना सिंचाई कार्यक्रममा स-साना बाँध, कुलो सुधार, संरक्षण, पोलिथियन पाईप, सिमेन्ट पोखरी आदि स-साना आयोजनाहरुलाई सहयोग हुनेछ ।
२. निवेदक कृषक समुह (जिल्ला कृषि विकास कार्यालय वा नगर कृषि विकास शाखामा दर्ता भई प्रमाणपत्र भएको) जल उपभोक्ता समिति (जलश्रोत ऐन २०४९) कृषि सहकारी संस्था (सहकारी ऐन २०४८) अनुसार दर्ता भई प्रमाणपत्र नवीकरण भएको हुनुपर्नेछ ।
३. साना सिंचाईका लागि निवेदन पेश गर्दा गुर्भाकोट नगरपालिकाले उपलब्ध गराएको निर्धारित फाराममा आवश्यक विवरण भरी समुह/संस्थाको प्रमाणपत्रहरुको प्रतिलिपि सहित प्रति आयोजना रु. १०० (एक सय मात्र) पछि फिर्ता नहुने गरी नगरपालिकाको नगदी आम्दानी रसिद काटेको सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।
४. आयोजनाको माग गर्दा कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति निम्न लिखित कागजातहरु पेश गर्नुपर्नेछ ।
   - ✓ कृषक समुह/कृषक सहकारी/जल उपभोक्ता संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
   - ✓ कृषक समुह/कृषक सहकारी/जल उपभोक्ता संस्थाको आयोजना माग गर्ने बारे निर्णय प्रतिलिपि ।
   - ✓ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
   - ✓ कृषि सहकारीको हकमा हालसालै अडिट गरेको अडिट रिपोर्टको प्रतिलिपि ।
५. आयोजना स्वीकृत भएमा निर्माण कार्य स्वंय उपभोक्ता मार्फत संचालन गर्नुपर्नेछ । ठेक्का दिन पाईने छैन ।
६. आयोजनाको कार्य चालु आ.व. भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।
७. आयोजनाको स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयको हुनेछ ।
८. आयोजनाको बजेट बाँडफाँड नगर कार्यपालिकाको कार्यालयको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत